# कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत :२०७५।०८।१०

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

## कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चालनबाट कृषि उत्पादन र उत्पादकत्वमा वृदि गरि कृषि क्षेत्रको व्यवसायिकरणमा सहयोग पुर्याउन गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउन बान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

### परिच्छेद १

### <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधीको नाम "**कृषि यान्त्रिकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधी, २०७५**" रहेको छ ।

२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

३) यो कार्यविधि गण्डकी प्रदेश भर लागु हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) **"ग्रीन हाउस"** भन्नाले देहायबमोजिम उल्लेखित संरचनालाई जनाउंदछ ।

१) **"हाईटेक ग्रीन हाउस"** भन्नाले तापक्रम, आद्रता व्यवस्थापनको लागि अतिरिक्त व्यवस्था सहितको पराबैजनी किरण अवरोधक पोलिथिन (UV stabilized polythene film) र जाली (UV stabilized thermal net) संगै एग्रीनेट वा ईन्सेक्ट नेटको आवरण र Galvanized iron वा Aluminum Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

२) **"नेचुरल्ली भेन्टिलेटेड ग्रीन हाउस"** भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त व्यवस्था नभएको टप तथा साईड भेन्टिलेसनको माध्यमबाट पराबैजनी किरण अवरोधक पोलिथिन (UV stabilized polythene film) र जाली (UV stabilized thermal net) संगै एग्रीनेट वा ईन्सेक्ट नेटको आवरण र Galvanized iron वा Aluminum Profile बाट निर्मित घरलाई बुझाँउदछ ।

३) **"एग्रीनेट हाउस"** भन्नाले फ्लाट टप भई ४० मेसको टप एग्रीनेट वा एल्मुनियम सेड नेट तथा क्रिष्टल साईड नेटको आवरण र Galvanized iron वा Aluminum Profile बाट निर्मित घरलाई जनाउंदछ ।

४) **"प्लाष्टिक घर"** भन्नाले जि.आई.पाईप वा ब्लाक पाईप वा बांस र सिलपोलिन वा UV प्लाष्टिक प्रयोग गरी बनाईएको घरलाई सम्झनु पर्दछ ।

ख) **"कृषि यन्त्र"** भन्नाले देहायबमोजिम उल्लेखित कृषि यन्त्र तथा उपकरणलाई जनाउंदछ ।

मिनि टिलर र पावर टिलर (अधिकतम २० एच.पि.सम्म) र यसका एट्याचमेन्टहरु (एन्टी स्कीड ह्वील, हव किनेकेटर, डिस्क प्लाव, डिस्क हैरो, रिजर, वण्ड फर्मर, सिड ड्रिल, सिड कम फर्टिलाईजर ड्रिल, थ्रेसर, रिपर आदि), पावर स्प्रेयर, बुस कटर, विडर र तरकारी खेतिको लागि आवश्यक अन्य यन्त्र तथा उपकरणहरु ।

ग) **"आवेदक"** भन्नाले कृषि यन्त्र तथा ग्रीनहाउस निर्माणको लागि अनुदान लिनका लागि केन्द्र समक्ष आवेदन दिएका कृषि फर्म, कृषि कम्पनी ,कृषक समुह र कृषि सहकारी संस्थालाई जनाउदछ।

ग) **"अनुदानग्राही"** भन्नाले कृषि यन्त्र तथा ग्रीनहाउस निर्माणको लागि अनुदान पाउनका लागि दफा ७ बमोजिम छनौट भएका आवेदकलाई जनाउँदछ ।

घ) **"स्थानीय तह"** भन्नाले यस कार्यविधी अनुरुप कार्यक्रम सञ्चालन हुने सम्बन्धित गाऊंपालिका/ नगरपालिका/ उपमहानगर/ महानगरपालिका भन्ने सम्झनु पर्दछ ।

ङ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

च) **"निर्देशनालय"** भन्नाले उक्त मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

छ) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

ज) **"समिति"** भन्नाले दफा ६ बमोजिम गठित प्राविधिक मूल्यांकन समिति भन्ने सम्झनु पर्दछ ।

झ) **"लक्षित वर्ग"** भन्नाले महिला, दलित, जनजाति, पिछडिएको वर्ग भन्ने सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उदेश्य :**

यस कार्यविधि अनुसार कार्यक्रमको उद्धेश्य देहायबमोजिम हुनेछ ।

क) तरकारी बाली उत्पादनमा आधुनिक प्रविधि र यान्त्रीकरणको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृदि गर्ने साथै उत्पादन लागत घटाउने ।

ख) बेमौसमी तरकारी खेती व्यवसायीकरण मार्फत स्वरोजगारी एवम आम्दानी वृदि गर्ने ।

ग) उन्नत प्रविधिको प्रयोगबाट गुणस्तरीय कृषि उत्पादन गरी मूल्य अभिवृदि गर्ने ।

घ) शिक्षित र उत्साही युवाहरुलाई कृषि व्यवसायमा आर्कषित गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

**४. कार्यक्रम सञ्चालन :** यो कार्यक्रम मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र मार्फत सञ्चालन हुनेछ ।

**५. प्रस्ताव माग गर्ने :**

१) कृषि यन्त्र तथा ग्रीनहाउस निर्माणको लागि सहयोग पुर्याउन अनुदान दिने उदेश्यले केन्द्रले ३० दिने म्याद दिई राष्ट्रिय तथा स्थानीय पत्रिका मार्फत प्रस्ताव आह्ववान गरी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । साथै उक्त सूचना केन्द्रको वेवसाईट र स्थानीय तहको सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ । सुचना प्रकाशन गर्दा दफा (७) बमोजिमका मूल्याकंनका आधारहरू सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको सुचना प्रकाशन पश्चात आवेदकले अनुसूची-२ बमोजिमको निवेदन साथ देहायबमोजिम कागजातहरु पेश गर्नुपर्दछ ।

क) माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, PAN/VAT को प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एक एक प्रति ।

ख) सम्बन्धित स्थानिय तहको  कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

ग) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले ग्रिनहाउस निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

घ) प्रस्ताव आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको अनुसूचि-३ बमोजिमको प्रस्ताव ।

ङ) ग्रीन हाउस निर्माणका लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया १० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज । तर बांसका घरको निर्माणका लागि कम्तिमा ५ बर्ष जग्गा लिजमा लिएको भएपनि मान्य हुनेछ ।

च) घटीमा १० बर्ष सम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र तर  बांसबाट पोलीहाउस निर्माण गर्ने आवेदकले भने कम्तिमा ५ बर्षसम्म अविच्छिन्न रुपमा सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्ने प्रतिबदता पत्र ।

**६. समिति :**

१) कार्यक्रम संचालनको लागि प्राप्त निवेदनहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको ३ सदस्यीय समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) | बागबानी विकास अधिकृत, सम्बन्धित केन्द्र | संयोजक |
| ख) | प्रदेश लेखा नियन्त्रक कार्यालयको इकाईबाट प्रतिनिधि | सदस्य |

| | | |
|---|---|---|
| ग) | बाली संरक्षण अधिकृत, सम्बन्धित केन्द्र | सदस्य सचिव |

२) सम्बन्धित केन्द्रमा बागबानी विकास अधिकृतको पदपुर्ति नभएमा केन्द्र प्रमुखले अधिकृत स्तरका अन्य कर्मचारीलाई कार्यक्रम संयोजक तोक्नेछ र अन्य अधिकृतहरुको पनि पद रिक्त भएमा केन्द्र प्रमुखले सहायकस्तरका प्राविधिक कर्मचारीहरुलाई पनि सदस्य तोक्न सक्नेछ ।

३) उक्त समितिले बैठकमा बढिमा दुई (२) जना सम्बन्धित विषय विज्ञ वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण समेत गर्न सक्नेछ ।

४) परियोजना कार्यान्वयन हुने क्षेत्र संग सम्बन्धित स्थानीय तह संग आवश्यक समन्वय र सहजीकरणको काम केन्द्रले गर्नेछ ।

## ७. मूल्याङ्कनको आधार :

१) समितिले दफा ५ बमोजिम प्राप्त निवेदनहरुलाई देहायबमोजिमका आधारहरुमा मूल्यांकन गरि केन्द्र समक्ष सिफारिस गर्नुपर्नेछ ।

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| क) | निर्माण गरिने संरचनाको लागि प्रस्तावित जमिनको उपयुक्तता<br>१) पर्याप्त तथा उपयुक्त जमिन भएको<br>२) पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको<br>३) अपर्याप्त तथा अनुउपयुक्त जमिन भएको | <br>१५<br>१०<br>० |
| ख) | निर्माण गरिने संरचनाको आकार<br>१) ठुलो ............. व.मी.<br>२) मझौला............. व.मी.<br>३) सानो............. व.मी. | <br>१५<br>१०<br>५ |
| ग) | प्रस्तावकको आर्थिक क्षमता<br>१) कार्यविधिमा उल्लेख भएअनुसारको लगानी गर्न सक्ने क्षमता भएको<br>२) कार्यविधिमा उल्लेख भएअनुसारको लगानी गर्न सक्ने सम्भावना देखिएको<br>३) कार्यविधिमा उल्लेख भएअनुसारको लगानी गर्न सक्ने सम्भावना न्युन देखिएको | <br>१५<br>१०<br>५ |
| घ) | व्यवसायमा नयां प्रवेश | १० |
| ङ) | प्रस्तावकको प्राविधिक ज्ञान, सीप<br>१) कृषि यान्त्रिकरण तथा ग्रीन हाउस सम्वन्धी तालिम, गोष्ठी, भ्रमण, सेमिनारमा सहभागी भएको<br>२) कृषि यान्त्रिकरण तथा ग्रीन हाउस सम्वन्धी तालिम, गोष्ठी, भ्रमण, सेमिनारमा सहभागी नभएको | <br>१०<br><br>६ |
| च) | प्रस्तावकको मुख्य पेशा कृषि | |

| | | |
|---|---|---|
| | १) घरको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ५० % भन्दा माथि<br>२) घरको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३० देखी ५० % सम्म<br>३) ३० % भन्दा कम कृषि क्षेत्रको योगदान भएको | १०<br>७<br>५ |
| छ) | प्रस्तावकको हाल गरिरहेको तरकारी खेति व्यवसायको अवस्था<br>१) आधुनिक प्रविधिमा/व्यवसायिक आधारित<br>२) अर्ध आधुनिक (Semi-mechanized/ semi-commercial)<br>३) परम्परागत शैलीमा आधारित | <br>१०<br>७.५<br>५ |
| ज) | लक्षित वर्ग | १५ |
| | **जम्मा** | **१००** |

२) समितिले मूल्यांकन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्नेछ ।

३) सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार केन्द्र प्रमुखलाई हुनेछ । कार्यक्रम कार्यान्वयन सम्बन्धि निर्णयहरु स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम कृषि ज्ञान केन्द्रले गर्नेछ ।

## परिच्छेद ३

## साझेदारी र अनुदान प्रवाह

**८. साझेदारी कार्यक्रमको न्युनतम आकार :**

हाईटेक ग्रीन हाउस, नेचुरल्ली भेन्टिलेटेड ग्रीन हाउस र एग्रीनेट हाउस निर्माणका लागि कम्तिमा ५०० वर्ग मिटर र प्लाष्टिक घर निर्माणका लागि कम्तिमा १००० वर्ग मिटरको क्षेत्रफल हुनुपर्ने साथै प्राविधिक एवं भौगोलिक उपयुक्तताको आधारमा तयार गरिएको स्पेशिफिकेसन वा डिजाईन अनुसार निर्माण गरिने संरचना र कृषि यन्त्रलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

**९. लागत इष्टिमेट र सम्झौता :**

१) अनुदाग्राहीले कार्यक्रम बमोजिम संरचना निर्माणको लागि सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि केन्द्रमा पेश गर्नु पर्नेछ ।

२) लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको ३ % रकम कन्टीजेन्सी स्वरुप राख्नुपर्नेछ ।

३) स्वीकृत ईष्टिमेटको आधारमा केन्द्र र अनुदानग्राही बीच अनुसूची ४ बमोजिमको सम्झौता गरिनेछ ।

**१०. अनुदान रकम र भुक्तानी प्रक्रिया :**

१) केन्द्रबाट कार्यक्रमको कुल लागत इष्टिमेटको बढीमा ७० प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने र अनुदानग्राहीले कम्तिमा ३० प्रतिशत खर्च जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२) बांसबाट निर्माण भएका प्लाष्टिक घरको हकमा प्रति वर्गमिटर रु. ३०० का दरले अनुदान रकम उपलब्ध गराईनेछ ।

३) सम्बन्धित विषय प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्नताको आधारमा बढिमा रू. १०,००,०००। (अक्षरूपी रू. दश लाख मात्र) रकम अनुदान स्वरुप सम्बन्धित अनुदानग्राहीको बैंक खातामार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

४) साझेदारी कार्यक्रम सम्पन्न भई सकेपछि सो को संचालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ । अनुदानग्राहीले कम्तिमा १० बर्षसम्म अविच्छिन्न रुपमा सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ । बांसबाट पोलीहाउस निर्माण गर्ने अनुदानग्राहीले भने कम्तिमा ५ बर्षसम्म अविच्छिन्न रुपमा सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

५) अनुदानग्राहीले आफ्नो कृषि व्यवसायको अनिवार्य रुपमा कृषि विमा गराउनु पर्नेछ । साथै अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

६) अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

## परिच्छेद ४

## अनुगमन र विविध

**११. अनुगमन तथा मूल्यांकन :**

१) केन्द्रले सम्बन्धित स्थानिय निकायको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

२) अनुगमन निरीक्षणको प्रतिवेदन कृषि ज्ञान केन्द्रले हरेक चार महिनामा एक पटक कृषि विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

३) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

४) उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

५) सम्झौता अनुरुप काम नगर्ने अनुर्दानग्राहीलाइ केन्द्रले अनुदान रोक्का गर्न सक्नेछ । यस कार्यविधी अनुरूप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

६) दफा ६ अनुसार गठित समितिको बैठक भत्ता र अनुगमन तथा मुल्यांकन भत्ता कृषि ज्ञान केन्द्रले कार्यक्रम खर्चबाट नियमानुसार उपलब्ध गराउनेछ ।

७) कार्यक्रम सँचालन पश्चात अनुसूची ५ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

**१२. बाधा अडकाउ फूकाउः** यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्धिविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

**१३. संशोधनः** यो कार्यविधि मन्त्रलायले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूचि-१

## कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चलानको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७.../.... मा सञ्चालन गरिने कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ७० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा देहायबमोजिमको परियोजना सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | परियोजनाको किसिम | अनुदान सहयोग | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | हाईटेक ग्रीन हाउस | कुल लागतको ७० प्रतिशत | •कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु।<br>•कृषक समुह र कृषि सहकारी संस्थाको हकमा को हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि।<br>•सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र । | |
| २ | नेचुरल्ली भेन्टिलेटेड ग्रीन हाउस | | | |
| ३ | एग्रीनेट हाउस | | | |
| ४ | प्लाष्टिक घर | | | |
| ५ | लगायत अन्य यन्त्र उपकरणहरू | | | |

**पुनश्चः** निवेदन र परियोजना प्रस्ताव यस कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्ताव ढांचा यस कार्यालयबाट वा कार्यालयको वेभसाईट बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि सम्पर्कः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय , गण्डकी प्रदेश र मातहतका निकायहरु

Email- molmacprovince4@gmail.com

Website – molmac.p4.gov.np,

फोन नं ०६१-४६७८८५

**अनुसूचि-२**

**कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा**

| |
|---|
| रु १० को टिकट |

मिति : ..........................

श्रीमान् प्रमुख ज्यू
कृषि ज्ञान केन्द्र ....................

**विषयः कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माण अनुदान सम्बन्धमा ।**

महोदय,

म/हामी यस निवेदन फाराममा हस्ताक्षर भएका व्यक्तिहरूबाट **गण्डकी प्रदेश.पा.न ,/गा .पा.** ............ .वडा नं ..........................................**स्थान** मा अवस्थित ............................... ...................................................................कृषि यान्त्रीकरण तथा ग्रीन हाउस निर्माण अयोजनाको लागि त्यस कार्यक्रमबाट सहयोग पाँउ भनि रू .......। )अक्षरूपी रू. ......................का दरले राजश्व ( दाखिला गरेको बैंक भैचार वा नगदै पेश गरीकार्यक्रम कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन दिएका छु/छै । मैले/हामीले यस कार्यक्रम अन्तगर्त अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छैं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छैं । यसका लागि निवेदनका साथ अन्य अवश्यक कागजातहरू समावेश गरी पेश गरेका छैं ।

**निवेदक**
उद्धमी, कृषक समूह/सहकारी/संस्थाको
अध्यक्ष/प्रतिनिधिको नामः
हस्ताक्षरः
सम्पर्क नं.
मितिः
संस्थाको छापः

## अनुसुची-३

## प्रस्ताव पत्र

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्रा चिन्ह लगाउने) | १. कृषक समुह<br>२. सहकारी<br>३. उद्यमी √ |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

**२) प्रस्तावनाको औचित्य तथा महत्व**

**औचित्य तथा महत्वः**

तालिका : ..........................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| **जम्मा** | | | | | |

**३) फर्मले लागत साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-**

**४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

**५) बार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाइ आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)**

निष्कर्ष : प्रस्तावित परियोजनामा बार्षिक रुपमा ................के.जी. ............उत्पादन हुने र उत्पादित बस्तुको विक्रिवितरणबाट बार्षिक रु. ............................ कुल आम्दानी गरिने योजना बनाईएको छ । फर्मको प्रस्तावित योजना अनुसार बार्षिक .........................रुपैंया मुनाफा हुने र लाभ लागत अनुपात .................. मा रहने छ ।

### ६. लागत साझेदारी

यस संस्थाले संचालन गर्ने यो परियोजनाको कुल लागत करिव रु. ............................अनुमान गरिएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. .................................... अपेक्षा गरिएको छ जुन कुल लागतको .............. प्रतिशत मात्र हो ।

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| **क्र.सं.** | **विवरण** | **बाषिक खर्च (रु.)** | **अनुदान उपलब्ध गराउने संस्थाको (रु.)** | **अनुदानग्राहीको लागत (रु.)** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पुंजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पुंजी निर्माण) गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस फर्मले आफ्ना अपेक्षित उपलब्धिहरु हांसिल गर्नेछ । बार्षिक .............. के.जी. .................. उत्पादन एवं विक्रिवितरण गर्न सकिनेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत बार्षिक रुपमा ...........जनालाई नियमित र ..................जना/दिनको रोजगारी उपलब्ध गराउने र बार्षिक रु. .................. रकम मुनाफा लिन सकिने भएको हुंदा लागत साझेदारीमा यो प्रस्ताव अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिव देखिन्छ ।

## अनुसुची-४

## सम्झौता पत्र

१. यो सम्झौता पत्र, केन्द्र (प्रथम पक्ष) र अनुदानग्राही (द्रोस्रो पक्ष) बीच कृषि यान्त्रिकरण तथा ग्रीनहाउस निर्माण कार्यमा अनुदान सहयोग गर्नका लागि हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता लागु भएको मानिनेछ ।

३. द्रोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. प्रथम पक्षले द्रोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

५. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ । साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

६. अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

७. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

८. प्रस्तुत कृयाकलापहरु सोही आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

## अनुसूची-५

## उपलब्धि अनुगमन सूचक

१. कृषकको नाम, ठेगाना: २. कृषक परिचय पत्र नं.

३. व्यवसाय : ४. परिवार सङ्ख्या:

५. कृषकको जम्मा जमिन: ६. खेती गरीएको जमिन:

७. कृषकको प्रकार क) नयाँ ख) पुरानो

८. व्यवसायको प्रकार: १) साना फार्म २) व्यवसाय उन्मुख फार्म

३) व्यवसायिक फार्म ४) उद्यमि फार्म

९. रोजगारीको अवस्था

खेतीमा संलग्न परिवार संख्या | महिलाः | पुरुषः | पुरै समय रोजगार संख्याः

आंशिक रोजगार संख्याः परिवारका सदस्य बाहेक रोजगारी संख्याः

**१०. हालको व्यवसायिक विवरण**

| सि. नं. | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | सञ्चालनमा आएको मिति | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

जम्मा वार्षिक लगानी रु. अनुदानबाट प्राप्त रकम रु.

सरदर वार्षिक आम्दानी रु. सरदर वार्षिक पारिवारिक खर्च रु.

कृषि आम्दानीको योगदान प्रतिशत : व्यवसाय सञ्चालनको वर्षः

**आगामी योजनाहरु .....**

१.

२.

३.